# मकवानपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मक्रान्चुली ,मकवानपुर

३ नं. प्रदेश नेपाल

## आ.ब. २०७५।०७६ को लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, आदि नदीजन्य पदार्थ संकलनको ठेक्का सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७५।०८।२१**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन गरी ३ नं प्रदेश आर्थिक ऐन, २०७५ ले तोकेको दरमा विक्री गर्नेगरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७४/०७५ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपशिलको शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं | सूचना/ठेक्का नं | ठेक्काको नाम | स्वीकृत घाटको क्षेत्र | अधिकतम उत्खनन् परिमाण (घनमिटर) | न्यूनतम ठेक्का अंक (कर बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ०२/ ०७५-०७६ | ढुंगा, गिटि, बालुवा, ग्राभेल तथा माटो (नदी जन्य पदार्थ) आदी उत्खनन, विक्री तथा निकासी | मकवानपुरगढी गाउँपालिका वडा नं ४ र ५ भएर बग्ने तल्लो समरी खोला,ज्यामिरे र खैरेनी खोलाको वगर क्षेत्र | ५०,००० घ.मि. | ३,१७,५२,०००। (तिन करोड सत्र लाख वाउन्न हजार मात्र) | कवोल अंकको ५ प्रतिशत | ५,०००।- | २०७५।९।२१ गते दिनको ४:०० वजे कार्यालयको समय सम्म | २०७५।९।२२ गते १२:०० वजे सम्म | २०७५।९।२२ गते दिनको २:०० वजे |
| | | | मकवानपुरगढी गाउँपालिका वडा नं ३,४,५ र ६ भएर बग्ने माथिल्लो समरी खोलाको वगर क्षेत्र | ५०,००० घ.मि. | | | | | | |

**शर्तहरुः**

१. उल्लेखित ठेक्का उत्खनन कार्य आ.ब.२०७६ जेष्ठ मसान्त सम्म र कर उठाउने कार्य असार मसान्तको लागि हुनेछ ।

२. उल्लेखित आय ठेक्काको बोलपत्र फारम माथि उल्लेखित मिति भित्र तोकिएको दस्तुर (फिर्ता नहुने) तिरी कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।

३. बोलपत्रदाताले खामको बाहिरपट्टी बोलपत्रदताको नाम, ठेगाना, ठेक्काको नाम, ठेक्का नम्बर र मकवानपुरगढी गाउँपालिका, मक्रान्चुली मकवानपुर भनि प्रस्ट उल्लेख गर्नुपर्नेछ ।

४. उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गर्ने भए फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरीक राजश्व कार्यालयबाट प्राप्त मु.अ.कर दर्ताको प्रतिलिपि आ.ब.२०७४।०७५ को आयकर चुक्ता प्रमाणपत्रको नोटरी प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ ।

५. खरिद गरिएको बोलपत्र,बोलपत्र खरिद गर्ने अन्तिम मितिको भेलिपल्ट अपरान्ह १२:०० बजेसम्म सिलबन्दी फारम दर्ता गर्न सकिनेछ । रितपुर्बक दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु बोलपत्र दर्ता हुने अन्तिम दिनको २:०० बजे कार्यालयको प्रतिनिधि र ठेकेदार वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएपनि उल्लेखित आय ठेक्कको सिलबन्दि बोलपत्रहरु खोल्न बाधा पर्नेछैन । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको आय ठेक्का अंकको ५ प्रतिशत रकम धरौटी बापत यस कार्यालयको नाममा नेपाल बंगलादेश बैंक, मकवानपुरगढी शाखाको धरौटी खाता नं ९५९०१००२२१ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट यस गाउँपालिकाको नाममा जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

६. कबोल रकम अंक र अक्षरमा प्रस्ट संग उल्लेख गरेको हुनुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । अंक र अक्षरलाई पुन लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा बोलपत्र दाताको अनिवार्य हस्ताक्षर हुनुपर्नेछ । फर्म वा कम्पनी भए सच्याइएको स्थानमा छाप समेत लगाउनु पर्नेछ ।

७. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले १५ दिन भित्र कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको प्रथम किस्ता वापतको ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । साथै बाँकी रकमको २ किस्ता ३०/३० प्रतिशत गरि विभाजन गरिनेछ । यसरी निर्धारित पहिलो किस्ता सम्झौता गर्दाको बखतमा र बाँकी किस्ता २०७५ बैशाख मसान्त भित्र बुझाउनु पर्नेछ । साथै अग्रिमरुपमा एकमुस्ट कवोल अंक दाखिला गरेमा कवोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिनेछ । सम्झौता गर्न आउँदा बाँकी रकम बराबरको २०७६ श्रावण मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरि पट्टा उठाउनु पर्नेछ ।

७. बोलपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा खरिद वा दाखिला सम्वन्धि कार्य सो दिनको भोलिपल्टलाई खरिद वा दाखिलाको अन्तिम दिन मानिनेछ ।

८. ठेक्का कबोल गर्ने ठेकेदारले गाउँपालिकाले तोकिएको कर उठाउंदा प्रयोग गर्ने रसिदहरु ठेकेदार आफ्नै तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित बाहेकका रसिदबाट कर उठाएको उजुरी वा जानकारी प्राप्त भएमा नियमानुसार कारवाही र उठाएको रकम बराबरको थप जरिवाना गरिनेछ ।

९. ढुंगा, गिट्टी, बालुवा आदि निकाल्दा अर्काको घर, जग्गा, कुलो, बाँध, बाटो आदी क्षति हुनेगरी निकाल्न पाईनेछैन । उक्त निर्माण सामग्री झिक्नुपर्ने स्थलसम्म जान आउन आवस्यक पर्ने बाटो बनाउन वा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । साथै सो खर्च गाउँपालिकासंग दाबी गर्न पाउनेछैन । ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा, तथा आदी निकाल्दा कुनै व्यक्ति वा निकायको निजि जग्गा भएर जान आउन पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकाएको स्विकृति ठेकेदार आफै लिनुपर्नेछ । नदीजन्य सामग्री ओसारपसार गर्दाको समयमा सडकमा धुलो वा हिलो भई आवागमनमा असर गरेमा ठेकेदारले सडक मर्मत आफ्नै खर्चबाट गराउनु पर्नेछ ।

१०. नदी नालाको दाँया बाँयां किनारा ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा, आदि निकाल्दा भु-क्षय वा बाढी पहिरो जाने किसिमले निकाल्न पाइने छैन ।

११. पूल, कलभर्ट, कजवे, सडक तथा सार्बजनिक निर्माण स्थल आदिबाट तल माथि ५०० मिटर भित्र ढुंगा, गिट्टी, मिक्स गिट्टी, बालुवा, वा आदि उत्खनन् गर्न पाईनेछैन ।

१२. IEE प्रतिवेदन अनुसार जुन जुन ठाउँबाट मेशिन प्रयोग गरी ढुंगा, गिटि, मिक्स गिट्टी बालुवा तथा उत्खनन् गर्ने भनी उल्लेख भएकोछ, सो स्थानमा मात्र मेशिन प्रयोग गर्न पाईनेछ । साथै IEE प्रतिवेदन अनुसार मेशिन प्रयोग गर्न नपाईने स्थानको हकमा तालुक मन्त्रालयबाट स्थान तोकि मेशिन प्रयोग गर्न स्विकृत प्रदान भएमा सोहि बमोजिम हुनेछ

१३. यस सुचनामा उल्लेखित बुंदाहरुको हकमा यसै वमोजिम र नखुलेको हकमा प्रचलित नियमानुसार हुनेछ । साथै उत्खनन र विक्री शुल्कको प्रति घनमिटर दररेट प्रदेश आर्थिक ऐन, २०७५ बामोजिम बोलपत्र पुस्तिकामा उल्लेख गरिनेछ ।

१४. ठेक्का सम्वन्धी विस्तृत जानकारी वोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न वा यस कार्यालयको वेवसाइट www.makawanpurgadhimun.gov.np मा हेर्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका वोलपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**